सहभागी
SAHAVAGI
For Participation & partnership

(वार्षिक)
# सहभागी समाचार
# SAHAVAGI NEWS

वर्षः १० | अङ्कः २१ | असार, २०८२ (June/July 2025)

**संरक्षकः**
डा. मीना आचार्य

**सल्लाहकारः**
श्री शालिग्राम शर्मा, अध्यक्ष
डा. सुसन आचार्य, निवर्तमान अध्यक्ष
श्री वीरभद्र आचार्य, पूर्वअध्यक्ष

**प्रधानसम्पादकः**
डा. एकनारायण पौड्याल

**कार्यकारी सम्पादकः**
डा. केशवराज चालिसे

**सम्पादकहरूः**
श्री लुकबहादुर राना
श्री खड्कबहादुर वि.क.
श्री शुभराज शर्मा
श्री हरिप्रसाद आचार्य
श्री रचना न्यौपाने

सहभागी केन्द्रीय कार्यालय
र.न.पा.-९, चितवन, नेपाल
फोन नं.: +977-56-561353
sahavagico@sahavagi.org.np
www.sahavagi.org.np

## सम्पादकीय

'सहभागी' सहभागितामा जोड दिने र समाजको रूपान्तरणका दिशामा काम गर्ने सामाजिक संस्था हो। यस संस्थाले समाजको परिवर्तनका लागि उत्पादित वस्तु वितरण गर्ने कुरामा विश्वास गर्दैन, उत्पादन गर्ने क्षमता विकास गर्ने कुरामा विश्वास राख्दछ। त्यसैले गरिबी हटाउन गरिबलाई माछा वितरण गर्ने कुरामा विश्वास राख्दैन, उनीहरुलाई जाल बुन्न सिकाउनुपर्छ वा दिए पनि जाल दिनुपर्छ भन्ने कुरामा विश्वास राख्दछ। यही मान्यताअनुसार संस्थाले स्थापनाकाल (सन् १९९७) देखि नै दुर्गम जिल्लाहरूमा गएर आत्मनिर्भर कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। नागरिकलाई आत्मनिर्भर हुन सिकाउँदै आएको छ र सरकारलाई समेत सोहीअनुसारको नीति निर्माण गर्न सुझाव दिँदै आएको छ। यसले एक क्षेत्रमा मात्र काम गरेको छैन; शिक्षा, स्वास्थ्य, लैंगिक तथा जातीय विभेद भौतिक पूर्वाधार आदि धेरै क्षेत्रमा काम गरेको छ। संस्थागत रूपमा गरिएका ती असल कार्यका बारेमा जनसाधारण र सरोकारवालालाई समेत जानकारी होस् भन्ने हेतुले यस संस्थाले विगत एक दशकदेखि आफ्नो मुखपत्रका रुपमा "सहभागी समाचार" प्रकाशित गर्दै आइरहेको छ। त्यसै क्रममा यो अङ्क प्रकाशन हुँदैछ। यस अङ्कमा संस्थाले वर्ष दिनभरि गरेका कामको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ। यसमा केही कमी-कमजोरी रहेका भए विज्ञ पाठकबाट सुझावको अपेक्षा गर्दै आगामी दिनमा अझ परिस्कृत गर्दै जानेछौँ भन्ने कुराको वचनबद्धता प्रकट गर्दछौं। यसलाई पाठकको सुविधाका लागि अनलाइन र प्रिन्ट दुवै माध्यमबाट प्रकाशनमा ल्याएका छौं। यस कार्यबाट अनलाइनको पहुँच नभएका सेवाग्राही पाठकलाई पनि पठनसुविधा उपलब्ध हुनेछ। आगामी दिनमा यसलाई संचारका विभिन्न माध्यमबाट पनि पठन सुविधा उपलब्ध गराउँदै जानेछौं।

**यस भित्र ...**

- संस्थाद्वारा सञ्चालित परियोजनाहरू
- संस्थाको २९ औं स्थापना दिवस
- सहभागी संस्थाको साधारणसभा एवं अधिवेशन
- सार्वजनिक सुनुवाइ कार्यक्रम
- आगलागी पीडितलाई आर्थिक सहयोग
- जेष्ठ नागरिक आनन्द भवन

## संस्थागत प्रतिबद्धता

**हामी, नेपालका निर्माता, शहीद र विभूतिहरू तथा आम नेपाली नागरिकहरूप्रति उच्च सम्मान प्रकट गर्दै, सहभागी संस्थाको परिकल्पना, ध्येय, लक्ष र उद्देश्य परिपूर्ति गर्न मन, वचन र कर्मले, पूर्ण निष्ठा र इमान्दारिताका साथ लाग्ने प्रण गर्दै, सहभागी संस्थाका सर्जकहरू एवं यसमा सहभागिता जनाउने सबैप्रति आभार प्रकट गर्दै, संस्थाका लक्षितवर्गको हित र उत्थानका लागि, एक सुयोग्य पात्रका हैसियतमा सदा समर्पित रहनेछु ।**



## एचआइभी रोकथाम, हेरचाह, सहयोग र उपचार कार्यक्रमको निरन्तरता

एचआइभी रोकथाम, हेरचाह, सहयोग र उपचार कार्यक्रम हाल इपिक परियोजना (EpiC Project) अन्तर्गत सञ्चालित छ । सन् २००६ डिसेम्बर १ बाट प्रारम्भ भएको एचआइभी र एड्ससँग सम्बन्धित परियोजना आशा, लिङ्केजसम्मका चरणहरू पार गरी हाल इपिक परियोजनाका रूपमा सञ्चालनमा रहेको छ । यस परियाजनाको संरचनाअनुसार चितवन जिल्लाको भरतपुरमा City Clinic र अन्य स्थानमा आवश्यकताअनुसार Community Led Test (CLT), Self-Testing मार्फत महिला यौनकमी, उनीहरूकाग्राहकहरू, पुरुष समलिङ्गी, पुरुष यौनकर्मी (समलिङ्गी) र तेस्रो लिङ्गीलाई एचआइभी परीक्षण सेवा र परामर्श सेवामार्फत यौनजन्य संक्रमणको परीक्षण र उपचार र एचआइभी संक्रमितहरूलाई अवसरवादी संक्रमण व्यवस्थापनका लागि सेवाप्रदान गरिन्छ । यो परियोजना हालमा मार्च २०२६ सम्मका लागि स्वीकृत भएको छ । यस परियोजनाको कार्य क्षेत्र चितवन, नवलपरासीपूर्व र पश्चिम जिल्लाका सबै गाउँ/नगर र महानगरपालिकाहरू रहेका छन् ।

यस परियोजनाअन्तर्गत विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँग नियमित भेटघाट तथा सम्पर्क, समुदायमा एचआइभी तथा यौनरोग रोकथाम तथा उपचारका लागि सूचना सहज र छिटो रूपमा पुऱ्याउनका लागि १० जना दौँतरी साथीशिक्षकलाई परिचालन, कण्डममा पहुँच बढाउन समुदायमा कण्डम वितरण र प्रेषण, एकीकृत सेवा सञ्चालनका लागि विभिन्न संघसस्थाहरूसँगको सम्पर्क तथा समन्वय, महिला यौनकर्मीलाई व्यवहार परिवर्तन गराउनका लागि उनीहरूलाई आयआर्जनका कार्यमा संलग्न गराउनका लागि समन्वय जस्ता अभ्यास तथा सिकाइहरू सञ्चालनमा रहेका छन् ।

**परियोजनाअन्तर्गतका केही तस्बिरहरू**



३० औं राष्ट्रिय कण्डम दिवस मनाउँदै गर्दा, चितवन


३७ औं विश्व एड्स दिबस मनाइरहेको झलक, चितवन



३७ औं विश्व एड्स दिवस मनाइरहेको झलक, परासी


३० औं राष्ट्रिय कण्डम दिवस मनाउँदै गर्दा, परासी

## स्थानीय झोलुङ्गे पुल निर्माण कार्यक्रममा प्राविधिक सेवा तथा समुदाय परिचालन :

चितवन जिल्लाका पहाडी गाउँ तथा नगरपालिका क्षेत्रमा खोला तथा नदी आवत-जावत गर्न असुविधा भएकाले झोलुङ्गे पुलको माग बढ्दै आइरहेको छ । परम्परागत रूपमा आवत-जावतका लागि अपनाइएका विभिन्न माध्यमहरू मानवीय क्षतिका हिसाबले संवेदनशील हुने र वर्षातका समयमा ती उपायहरू प्रभावकारी नहुने हुँदा त्यस्ता क्षेत्रमा यसको माग बढ्दै गएको हो । स्थानीय झोलुङ्गेपुल कार्यक्रम कार्यान्वयनका लागि सङ्घीय अनुदान ८५ प्रतिशत, गापा/नपाको १३ प्रतिशत र उपभोक्ता समितिको २ प्रतिशतको लागत सहभागितामा निमार्ण कार्य सम्पन्न गर्ने नीति रहेको छ । यस कार्यक्रममा गैससलाई संलग्न गराउने प्रावधानअनुसार चितवन जिल्लामा सहभागी संस्थाले सन् २००२ देखि नै पुल निमार्ण प्रक्रियामा आवश्यक प्राविधिक एवं सामाजिक परिचालनमा सहयोग गर्दै आइरहेको छ । पुल निर्माण कार्यमा प्राविधिक सहयोग र समुदाय परिचालन गरेवापत यस संस्थालाई सेवा शुल्कका रूपमा ५ देखि ६ प्रतिशत रकम प्राप्त हुँदै आएको छ । यस संस्थाको सहजीकरणमा हालसम्म चितवन जिल्लामा १२० मिटर सम्मका (ट्रस ३२ मिटर), सस्पेन्डेड (D type) र सस्पेन्सन (N type) गरी ३ प्रकारका ८० वटा पुल निमार्ण सम्पन्न भएका छन् । यस आ.व.मा स्थानीय झोलुङ्गेपुल कार्यक्रम कार्यन्वयनका लागि गाउ/नगरपालिकाबाट कार्यादेश प्राप्त भई निर्माणकार्य गर्न पर्ने आवश्यक भएतापनि सङ्घीय अनुदानको वजेट

विनियोजन अत्यन्त न्यून भएकाले यस वर्षमा साउनदेखि नै कार्यक्रम स्थगनमा रहेको छ । आगामी दिनमा पालिकाहरूबाट पहल भई कार्यक्रम आएमा सहभागी संस्था समन्वय र सहकार्यका लागि प्रतिबद्ध छ ।

**सम्पन्न भएका केही झोलुङ्गेपुलका तस्बिरहरू**



द्रोपदिनगर झोलुंगे पुलको सार्वजनिक लेखा परीक्षण, माडी नगरपालिका



निमार्ण सम्पन्न बाङ्सिराङ झोलुङ्गेपुल, राप्ती नगरपालिका



राप्ती न.पा.-१२ मा निर्माणाधीन वाक्राङ पर्खाल झोलुङ्गे पुल (D-type)



इच्छाकामना गापा-७ सिमलढाप झोपुको सार्वजनिक लेखापरीक्षण (N-type)

## झोलुङ्गेपुल निर्माणपछि आएको खुसियाली

चितवनको इच्छाकामनाको स्याङ्दीखोलामा झोलुङ्गेपुल निर्माण भएको छ । इच्छाकामना गाउँपालिका-७ स्थित सिमलढाप र बाघखोर जोड्ने स्याङ्दीखोलामा झोलुङ्गेपुल निर्माण गरिएको हो । पुल निर्माणपछि सिमलढाप, पिपलटार, बाघखोर, लोसे, स्याङ्दी, सुन्दरबस्ती र गर्दासका नागरिक लाभान्वित भएका छन् । एक सय २० मिटर लामो सो पुल गाउँपालिका र पिटिएपी बागमती प्रदेशको लगानी सहभागीको सहजीकरणमा निर्माण भएको हो । गाउँपालिकामा पहिलोपटक सस्पेन्डेड पुल निर्माण भएका कारण त्यहाँका बासिन्दाहरूले आवज-जावत गर्नुको साथै त्यहाँ फलेका तरकारी तथा अन्नहरूलाई बजारसम्म लगेर बिक्री वितरण गर्न सहज भएको छ । पुलको नियमित मर्मत र रेखदेखका लागि हेरालु राखिएको छ । पुल निर्माण भएपछि स्थानीय बासिन्दा खुसी भएका छन् । दैनिक खोला तरेर स्कुल जाने गरेका सन्देश चेपाङ पुल निर्माण भएपछि उत्साहित भएको बताउँछन् । उनले वर्खाको समयमा पुल नहुँदा धेरैपटक स्कुल जान नपाएको भन्दै अब भने नियमित स्कुल जान पाइने हुँदा पढाइमा निरन्तरता तथा सहजता हुने बताए । पुल निर्माणबाट उपभोक्ताहरू खुसी हुनुका साथै उनीहरूले सहभागी संस्था र इच्छाकामना गाउँपालिकाको टिमलाई पनि धैरै धेरै धन्यवाद दिएका छन् ।

## भरतपुर सरकारी अस्पतालमा सहजकर्ता सेवा प्रवाह




सामाजिक सेवा एकाइ कार्यकम, भरतपुर अस्पताल

भरतपुर अस्पतालअन्तर्गत सञ्चालित सामाजिक सेवा एकाइ कार्यक्रममा सहजीकरणका लागि गैरसरकारी संस्थाको समेत संलग्नता रहने नीतिअनुरूप सहभागी संस्थाले कार्यक्रम प्रारम्भ भएको मिति २०७० देखि २०७७ पौष मसान्त सम्म र २०८० आश्विन महिनादेखि ०८२ आषाढसम्म सहजीकरणको कार्य गर्दै आएको छ। सामाजिक सेवा एकाइ कार्यक्रम सञ्चालन मार्गदर्शन आ.व २०८१/८२ का आधारमा यस संस्थाले मिति २०८१/०४/०१ देखि २०८२ आषाढ मसान्तसम्म सेवा प्रवाह गर्दै आइरहेकामा २०८२ श्रावणदेखि अस्पताल स्वयंबाट सेवा प्रवाह हुने भएको छ। यस परियोजनाको मुख्य उद्देश्य गरिब तथा विपन्न असहाय, अपाङ्गता भएका, जेष्ठ नागरिक, लैङ्गिक हिंसाबाट पीडित महिला पुरुष तथा बालबालिका र महिला स्वंयसेविकाका लागि राज्यद्वारा सुनिश्चित गरिएका निःशुल्क तथा आंशिक सहुलियत उपचार सुविधाका बारेमा जानकारी गराई लक्षित वर्गलाई सेवा प्रदान गर्ने तथा अस्पताल प्रशासनलाई त्यस्ता लक्षित समूहको पहिचानमा सहजीकरण गर्ने रहको छ । सामाजिक सेवा एकाइमार्फत लक्षित समूहभित्रका महिला तथा पुरुष विरामीहरूले निःशुल्क तथा आंशिक छुटसहित सेवा प्राप्त गर्दछन् ।

## दिगो घरबारी बगैंचा कार्यक्रम, प्युठान

सहभागी संस्थाद्वारा सन् २०११ देखि २१ सम्म हुम्ला जिल्लामा सञ्चालित स्थानीय आत्मनिर्भर कार्यक्रमको सञ्चालन प्रक्रिया र प्रभावकारिताका आधारमा प्रभावित भई द च्यारिटेबल फाउण्डेशन (TCF) र ग्लोबल डेभलपमेन्ट ग्रुप (GDG), अस्ट्रेलियाको आर्थिक सहयोगमा सन् २०२४ को जुलाइ महिनादेखि प्युठान जिल्लाको गौमुखी गाउँपालिकामा दिगो घरबारी बगैंचा पहल कार्यक्रम (SHIP) सञ्चालन भएको छ । यस कार्यक्रममा गौमुखी गाउँपालिकाको पनि आर्थिक, प्राविधिक र अन्य किसिमको सहयोग प्राप्त भएको छ । यस कार्यक्रमको उद्देश्य घरबारी बगैंचाको अभ्यास र सम्बन्धित गतिविधिहरूद्वारा कृषि उत्पादकत्व, सीप र ज्ञानमा वृद्धि गर्नु रहेको छ । परियोजनाको समयावधि ३० जुन २०२९ सम्म रहेता पनि हाल पहिलो र दोस्रो वर्षका लागि परियोजना स्वीकृत भएको छ ।

यो कार्यक्रम सञ्चालनका लागि प्युठान जिल्लाको गौमुखी गाउँपालिकामा फिल्ड कार्यालय स्थापना गरिएको छ । यो कार्यक्रम सो पालिकाका ७ वटा वडाहरूमा सञ्चालित छ । पालिकाका प्रत्येक वडाबाट दुईदुई जना स्थानीय स्रोत व्यक्ति (एल.आर.पी.) छनोट गरी तालिम दिएर परिचालन गरिएको छ । यस कार्यक्रमले पाँच वर्षभित्रमा पन्ध्र सय घरधुरीमा घरबारी बगैंचा बनाउने लक्ष्य राखेको छ । यस वर्ष लक्ष्यअनुसार नै ३७४ घरधुरीमा सेवा प्रवाह भइसकेको छ । यो परियोजना सम्पन्न भएपछि लक्षित घरधुरी आर्थिकरूपमा आत्मनिर्भर हुने अपेक्षा गरिएको छ ।

## TCF र सहभागीबिच काठमाडौंमा छलफल


संस्था र दातृ निकायका प्रमुखविच भेटघाट

दिगो घरबारी बगैंचा पहल परियोजनाको प्रगति मूल्याङ्कन गर्ने र यसले अपेक्षित प्रभाव के कस्तो पुऱ्याइरहेको छ वा छैन भन्ने सुनिश्चित गर्न TCF र सहभागीको संयुक्त बैठक मिति २०८१ साल माघ २९ तदअनुसार फेब्रुअरी ११, २०२५ मा काठमाडौंमा आयोजना गरिएको थियो । छलफलका क्रममा परियोजनाका उत्पादनहरू, कृषकको अभिलेख राख्ने प्रक्रिया, प्राविधिक मार्गदर्शन, बजेटको लचकता र समग्र परियोजनाको प्रभावकारिताजस्ता विषयमा विस्तृत रूपमा छलफल भयो । उक्त छलफलमा TCF र SAHAVAGI का बिचमा प्रश्नोत्तर, परियोजनाका अद्यावधिक विवरणहरू, र परियोजनाको प्रभावलाई कसरी अधिकतम रूपमा प्रभावकारी रणनीति बनाउने भन्ने विषयमा पनि गहन रूपमा छलफल भएको थियो । उक्त छलफलमा TCF का तर्फबाट प्रमुख कार्यकारी पिडर र सहभागीका तर्फबाट अध्यक्ष शालिग्राम शर्मा एवं कार्यक्रम अधिकृत सरोजराज पौडेल सहभागी हुनुभएको थियो ।

## दिगो घरबारी बगैंचा कार्यक्रमका सम्बन्धमा स्थानीय स्रोत व्यक्तिहरूको भनाइ

### क) सहभागीको तालिम र अभ्यासमूलक सहयोगले गर्दा नमस्ते मोडलको विकास



सहभागी संस्थाबाट सञ्चालित तालिम र फिल्डमै अभ्यासपूर्ण सहयोगले गर्दा नयाँ प्रविधिको नमस्ते मोडल गाउँका कृषकहरूले बनाउन थालेका छन् । हालसम्ममा मेरो एरियामो उन्नत प्रविधिको बाँसको भाटा प्रयोग गरेर बनाइने नमस्ते मोडल घरबारी बगैंचा ३४ वटा बनाएका छन् । जसले गर्दा गाउँमा लहरे तरकारी टमाटर, करेला, घिरौला, काँक्रा, लौका, सिमी, बोडी आदि लगाउने र बढी उत्पादन गर्न सुरुवात भएको छ । झोल मल, जैविक बिषादि, गाईभैंसीको गउँत संकलन र प्रयोग एवं फलफूल बिरुवाका लागि खाडल खनिएको छ । पहिला पहिला गाउँमा झिक्रा गाड्ने र बाँसका भाटा गाड्ने चलनलाई परिमार्जन गर्दै अहिलेको नयाँ नमस्ते विधिबाट तरकारी उत्पादन हुन थालेको देखेर गाउँमा ओहो ! ओहो ! भनेका छन् । यस प्रविधिले गर्दा तरकारी उत्पादन बढी भई उपभोग गरेर बँचेको बेचेर आम्दानी पनि गर्न थालेका छन् । अबका दिनमा यस मोडेललाई गाउँका अरू घरधुरीहरूमा पनि पुऱ्याउने लक्ष्य हामी स्थानीय स्रोतव्यक्तिले लिएका छौं । स्थानीय स्तरमा नै बाँस पाइने हुनाले यस प्रविधिले निरन्तरता पाउँछ र अझ बढी उत्पादनतिर कृषकहरू लाग्ने छन् ।

**-प्रकाश खड्का : एलआरपी गौमुखी-७, नरिकोट**

### ख) नियमित समन्वयले गर्दा कामगर्न सजिलो भयो ?



SHIP ले कार्यक्रम सञ्चालनका लागि वडाहरूका जनप्रतिनिधिहरूसँगको समन्वयमा काम गरेको छ । हाम्रा वार्डमा काम गर्ने ३ जना LRP हुनुहुन्छ । तपाईंहरूलाई घरबारी बगैंचामा कृषकहरूलाई आवद्ध गर्न कठिनाइ भयो र कृषकहरूले मानेनन् भने हामीलाई खबर गर्नुहोला । तपाईंहरूसँग हामी पनि साथमा जानेछौं ? हामी सहयोग गर्छौं र प्रतिबद्ध पनि छौं । तपाईंहामी सबै मिलेर काम गर्नुपर्दछ । यो भनाइ मैले सहभागीले आयोजना गरेको अर्धवार्षिक समीक्षा बैठकमा राखेको थिएँ र अहिले LRP हरूले राम्रो समन्वय गर्नुभएको छ र मैले पनि घरबारी बगैंचा बनाएर तरकारी लगाएको छु

र हालै संस्थाबाट दिएका ५ वटा फलफूलका बिरुवा पनि रोपेको छु वडामा बिरुवा आएपछि म बसेर एल.आर.पी मार्फत कृषकहरूलाई वितरण र रोप्नमा सहयोग पनि गरेँ । अब सेवा विस्तार गर्ने घर छान्न पनि सहयोग गर्दछु ।

**–जंगबहादुर पुनमगर : वडाध्यक्ष वडा न.३, रजवारा**

## ग) गाउँमा परिवर्तन देखिन थालेकोमा खुसी छु



सहभागी संस्था र पालिकाको समन्वय र सहकार्यमा गत १ वर्षदेखि संचालित कार्यक्रमले यस गाउँमा भएको परिवर्तन देख्दा निकै खुसी लागेको छ । दिगो घरबारी बगैँचा स्थापना गरेका कृषकहरूलाई दैनिक आफ्नो कार्ययोजनाअनुरुप स्थानीय स्रोतव्यक्तिहरूले सेवा एवं सहयोग गरिरहेका छन् । कृषकहरूलाई दिएको सीप, लगाउने तौर तरिका र आवश्यकताअनुसारका सामग्रीहरूको प्रयोगले गर्दा होला आजभोलि वडा न. ७ मा लटरम्म तरकारी फलेको देख्न थालिएको छ ।  यसअघि अर्गानिक तरकारी र फलफूल लगाउने नयाँ नयाँ विधि अपनाएको कमै देखिन्थ्यो । यस कार्यक्रमले गर्दा कृषकहरू उत्साहित भएका छन् र पहिलाभन्दा गाउँ परिवर्तन देखिएको छ । म आफैँ पनि परिवर्तन भएको छु । हामी पनि अबदेखि वडाबाट कृषि सामाग्री  र बिरुवा वितरण गर्दा एल.आर.पी. र कृषकरुलाई सहयोग गर्छौं । दिगो घरबारी बगैँचा स्थापना गरेका कृषकहरूको समूह बनाएको छ । म पनि त्यस समूहमा आबद्ध छु । मलाई  पनि एल.आर.पीले बोलाउनुहुन्छ र भाग लिन्छु अनि सरसल्लाह एवं सहयोग दिन्छु ।

**–कोमल पुरी : वडाध्यक्ष वडा न.७,**

## घ) कार्यक्रमको सफलताका साथै दिगो सहकार्यको अपेक्षा गर्दछु



कार्यक्रम सञ्चालन भएको १ वर्षमै परियोजनाले तरकारीमा आतमनिर्भर हुने लक्ष्यका साथमा अघि बढेका थियौँ जसको फलस्वरूप कृषहरूले आफूले उत्पादन गरेर खाने र बढी भएको तरकारीलाई बजारसम्म लगेर बेच्न पनि थालेका छन् । यसले गर्दा कृषकहरू कामप्रति उत्साहित भएका छन् साथै यस गौमुखी गाउँपालिकाले २०८२ र २०८३ देखि तरकारीमा आत्मनिर्भर गर्ने कार्यक्रम राखेको छ । एक घर एक करेसाबारी बनाउने कार्यक्रम छ जुन दिगो घरबारी बगैँचा पहल कार्यक्रमसँग मिल्छ । सहभागी संस्थाले आयोजना गरको वार्षिक समीक्षाको प्रस्तुति हेर्दा निश्चित लक्ष्य, कार्यक्रम र बजेट विनियोजन गरेर काम गर्दा उपलब्धि राम्रो हुने रहेछ । यो सहभागी संस्थाको काम गर्ने प्रकृति राम्रो छ हामी सबैले मन पराएका छौँ । कार्यक्रमको पहिलो वर्षमै ३९८ घर कभर भएछ यिनीहरूलाई राम्रोसँग निरन्तर सहयोग तथा समन्वयन गर्दै दोस्रो वर्षमा थप हुने ५०० नयाँ घरधुरीहरूमा पुग्ने लक्ष्यअनुसार सेवा विस्तार गर्ने कार्ययोजना रहेको छ त्यो योजनामा हामीहरूले पनि सहकार्य तथा समन्वयमा पालिका पनि तयार रहेको छ । गा.पामा जम्मा ५६०० सय घर छन् हामी र सहभागी संस्था मिलेर काम गर्नुपर्छ । यसमा दुईमत छैन । सबै वडाध्यक्षज्यूहरूले समुदायका अरू कृषकहरूलाई पनि कार्यक्रममा समावेश गरेर लैजानुपर्छ भन्ने माग गर्नुभएको छ । हाम्रो अनुरोध मापदण्ड राखेर सेवा गर्ने घर छानौं विवाद हुँदैन । यस कार्यक्रमले समेट्न नसकेका घरधुरीहरूलाई हजूरहरूले सिकाएअनुसार पछि बाँकी घरमा पालिकाले कभर गर्दै जानेछ  । दोस्रो वर्षमा पालिकाबाट साझेदारी गर्ने भनेर बजेट छुट्याउँछौं । बजेट पारित तीन लाख सैतिस हजार बजेट सहभागीका लागि साझेदार गरी काम गर्न छुट्याएर रेड बुकमा लेखेर सम्झौता गरेर काम गर्ने सोच बनाएका छौँ ।

**–महावीर रानामगर : उपाध्यक्ष, गौमुखी गाउँपालिका**

**सिप प्यूठान परियोजनाअन्तर्गतका केही तस्बिरहरू**



गाउँपालिका प्रमुखसंग सहभागी अध्यक्ष र संचालक सदस्य



सरोकारवालाहरूलाई सीप परियोजनाको सचेतिकरण



कृषकहरूलाई प्लास्टिक ड्रम र स्प्रे वितरण गरिँदै



एलआरपीले उत्पादन गरेको खुर्सानीलाई बिक्री गर्दै



चितवनदेखि गौमुखीसम्म विरुवा डेलिभरी गरिँदै



फिल्ड कर्मचारी र एलआरपीविच संयुक्त बैठक



फलफूलका विरुवा एलआरपी र फिल्ड कर्मचारीलाई जिम्मा लगाइँदै



वार्षिक प्रगति समीक्षा गोष्ठीका सहभागीहरू

## केन्द्रीय कार्यालय परिसरमा वृक्षारोपण



नेपाल कृषिप्रधान देश हो, जहाँ कुल जनसंख्याको ठुलो भाग कृषि पेसामा आश्रित छ । फलफूलखेती पनि कृषिको एक महत्त्वपूर्ण अंग हो, जसले पोषण सुरक्षा, आर्थिक आम्दानी, रोजगारी र वातावरण संरक्षणमा योगदान पुऱ्याउँछ भन्ने अवधारणाका साथ वृक्षारोपण गर्न उपयुक्त मनसुनको महिनाको अवसर पारी सहभागी केन्द्रीय कार्यालय परिसरमा संस्थाका अध्यक्ष शालिग्राम शर्मा, सचिव लुकबहादुर राना, केन्द्रीय कार्यालय प्रमुख शुभराज शर्मालगायत केन्द्रीय र फिल्ड कार्यालयका कर्मचारीहरूको उपस्थितिमा तपसिलबमोजिमका उन्नत जातका फलफूलका बिरुवा रोपण कार्य मिति २०८१/०४/३० गते सम्पन्न भएको छ । जसमा आँप ४, लिची ४, कटहर ३, एभोगाडो १, सपोटा १, सरिफा १, अम्बा २, नासपति २, कागती १ गरी १९ वटा बिरुवा रोपिएको छ ।

## तिजविशेष कार्यक्रम

तिजपर्वको मुख्य उद्देश्य शिवजी र पार्वतीको दिव्य मिलनको सम्झनामा महिलाहरूले श्रद्धा र भक्तिको अभिव्यक्ति गर्नु हो । यस पर्वमा विवाहित महिलाहरूले आफ्नो पतिको लामो जीवन र सुखद वैवाहिक जीवनको कामना गर्दै व्रत बस्छन्, जबकि अविवाहित युवतीहरूले आफूलाई उपयुक्त वर प्राप्त होस् भनी कामना गर्छन् । यसैलाई मध्यनजर राख्दै २०८१ भाद्र १९ गतेका दिन



कार्यालय परिसारमा नेपाली नारीहरूको महान् पर्व हरितालिका तिजको पावन अवसरमा शुभकामना आदानप्रदान तथा दरखाने कार्यक्रम संस्थाका अध्यक्ष एवं कार्यसमितिका पदाधिकारीज्यूहरूका साथै केन्द्रीय कार्यालय तथा शाखा कार्यालयका कर्मचारीको उपस्थितिमा संचालन गरी सम्पन्न गरियो । यो पर्व प्रत्येक वर्ष दाजुभाइले दिदीबहिनीलाई मिठो परिकार बनाएर खुवाउने र तिहार मा दिदीबहिनीले दाजुभाइलाई खुवाउने चलन रहँदै आएको छ । सो कार्यक्रममा एक अर्कामा सिकाइ तथा अनुभव आदानप्रदान गरिन्छ, जसले गर्दा एक अर्कामा आत्मीयताका साथै सुमधुर सम्बन्ध स्थापित गर्नलाई सहयोग हुन्छ ।

### संस्थाको २९ औं स्थापना दिवस



वि.स. २०५३ सालको चैत्र महिनाको २५ गते जिल्ला प्रशासन कार्यालय, चितवनमा दर्ता भएर विभिन्न आरोह-अवरोह पार गर्दै सहभागी संस्थाले आफ्नो लक्ष र उद्देश्यअनुसार कार्य गर्दै २८ औं वसन्त पार गरी २९ औं वर्षमा प्रवेश गरेको अवसरमा संस्थाको स्थापना दिवस रत्ननगर नगरपालिका ९, ढिकुवास्थित संस्थाको केन्द्रीय कार्यालय परिसरमा मनाइएको छ । कार्यसमितिका पदाधिकारी, साधारण सदस्य, केन्द्रीय तथा शाखा कार्यालयका कर्मचारीको उपस्थितिमा दीप प्रज्ज्वलन गरी, केक काटी, शुभकामना तथा अनुभव आदानप्रदान र मिष्ठान्न ग्रहणका साथ कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रमको सञ्चालन संस्थाका कार्यालयप्रमुख शुभराज शर्माले गर्नुभएको कार्यक्रममा संस्थालाई वर्तमान अवस्थासम्म ल्याउने संस्थापक सदस्यज्यूहरू, आजीवन तथा साधारण सदस्यज्यूहरू, वर्तमान तथा पूर्व कार्यसमितिका पदाधिकारीज्यूहरू एवं कर्मचारी साथीहरूको विशिस्ट योगदानप्रति उच्च सम्मान प्रकट गरी हाल विभिन्न दात्री निकायको सहयोगमा संचालन गरिएको परियोजनाबारे जानकारीसमेत प्रस्तुत गर्नुभएको थियो भने आम्दानी र खर्चको विवरण लेखा तथा प्रशासन अधिकृत सीता दाहालबाट प्रस्तुत भएको थियो । कार्यक्रम संस्थाका सचिब लुकबहादुर रानाले सञ्चालन गर्नुभएको थियो ।

### संस्थाको साधारणसभा एवं अधिवेशन



२०८२ साल वैशाख १२ गतेका दिन सहभागी संस्थाको केन्द्रीय कार्यलय परिसरमा २४ औँ साधारणसभा एवम् दसौँ अधिवेशन सम्पन्न भएको थियो । जसमा आगामी तीन वर्षका लागि शालिग्राम शर्माको अध्यक्षतामा सञ्चालक समिति गठन गरिएको छ । समितिको सचिवमा डा. एकनारायण पौड्याल र कोषाध्यक्षमा खड्कबहादुर विश्वकर्मा चयन हुनुभएको छ । यस्तै, सदस्यहरूमा डा. सुशन आचार्य, वीरभद्र आचार्य, लुकबहादुर राना, मीना खरेल, डा. केशवराज चालिसे र गीता देवकोटा चयन हुनुभएको छ ।



सञ्चालक समितिका अध्यक्ष शालिग्राम शर्माको अध्यक्षतामा रत्ननगर-९ स्थित केन्द्रीय कार्यालय परिसरमा सम्पन्न सभामा कार्यालयप्रमुख शुभराज शर्माले संस्थाद्वारा सञ्चालित विभिन्न परियोजनाको अध्यावधिक स्थिति प्रस्तुत गर्नुभएको थियो । डा. एकनारायण पौड्यालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको कार्यक्रममा सचिव लुकबहादुर रानाले आ. व. ०८०/८१ को वार्षिक कार्यक्रम तथा आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । कोषाध्यक्ष खड्कबहादुर विश्वकर्माले ०८१/८२ को वार्षिक कार्यक्रम तथा बजेट छलफल तथा अनुमोदनका लागि प्रस्तुत गर्नुभएको थियो । यसैगरी, शालिग्राम शर्माले अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्दै संस्थाको विद्यमान परिस्थिति र भावी कार्यदिशामाथि प्रकाश पार्नुभएको थियो । संस्थाले कठिन चुनौती पार गर्दै आफ्नो साख स्थापित गरी २९ औँ वसन्तमा प्रवेश गरेको बताउनुभएको थियो । कार्यक्रममा संस्थाको उत्कृष्ट कार्य गर्ने कार्यक्रमअधिकृत सरोजराज पौडेललाई सम्मान गरिएको थियो ।

## सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न




२०८२ साल जेठ १० गते शनिबारका दिन सहभागी संस्थाको आयोजना तथा भ्रष्टाचार विरुद्ध अभियान चितवनको प्राविधिक सहयोगमा संस्थाका अध्यक्ष श्री शालिग्राम शर्माज्यूको अध्यक्षतामा संस्थाको केन्द्रीय कार्यालय परिसर रत्ननगर नगरपालिका वार्ड न.९ ढिकुवामा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रम सञ्चालन संस्थाका कार्यालयप्रमुख शुभराज शर्माले गर्नुभएको कार्यक्रममा स्वागत मन्तब्य संस्थाका सचिव डा. एकनारायण पौडेलले गर्नुभएको थियो । संस्थाद्वारा सञ्चालित कार्यक्रमहरूका बारेमा कार्यालयप्रमुख शुभराज शर्मा र आर्थिक प्रतिवेदन संस्थाका लेखापाल विद्या शर्माले प्रस्तुत गर्नुभएको थियो ।

संस्थाले संस्थाद्वारा सञ्चालित गतिविधिरुको अध्ययनका लागि संस्थागत रूपमा भ्रष्टाचार विरुद्ध अभियान चितवनसँग सम्झौता गरेबमोजिम स्थलगत अध्ययनसमेतको प्रतिवदनमार्फत कार्यक्रमको सहजीकरण भ्रष्टाचार विरुद्धको अभियान चितवनकी अभियन्ता श्री शर्मिला पण्डित र रिता कंडेलले गर्नुभएको थियो । कार्यक्रमा संस्थाले गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममार्फत प्रश्नोत्तर र छलफलका माध्यमबाट उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरूलाई सहभागी संस्थाले गरेका कामहरूको जानकारी दिइएको थिइयो ।

जानकारीपश्चात् आफ्नो धारणा व्यक्त गर्ने क्रममा वक्ताहरूले संस्थाले गरेका काम र संस्था सञ्चालन प्रक्रियाको प्रशंसा गरेका थिए । उक्त कार्यक्रममा संस्थाका संचालक समितिका पदाधिकारी, सधारण सदस्य र कर्मचारीहरूको सहभागिता थियो, भने रत्ननगर नगरपालिका ९ न. वडाका सदस्य श्री शुष्मा खड्गथोकी, भ्रष्टाचार विरुद्धको अभियान रत्ननगरका संयोजक भुपेन्द्र अधिकारी, टिकौली मध्यवर्ती सामुदायीक वन, प्रहरी विट कृष्णमन्दिरका प्रमुख, वार्डका विभिन्न टोल विकास संस्थाका अध्यक्षहरू एवं प्रतिनिधिहरू तथा विभिन्न सामाजिक व्यक्तित्वहरू गरी करिब ४० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा मन्तव्य राख्नुहुनेहरूमा यसै टोल विकास संस्थाका अध्यक्ष रामु पाडैल, प्रगति टोल विकास संस्थाका अध्यक्ष लेखनाथ आचार्य, टिकौली मध्यवर्ति सामुदायिक वनका उपाध्यक्ष टीकाराम आचार्य साथै समाजसेवीहरू चाक्रपाणि अधिकारी, चिन्तामणि आचार्य भूपेन्द्र अधिकारी र वडासदस्य शुष्मा खड्गथोकीले सहभागी संस्थाले प्रशंसायोग्य तथा समाजमा महत्त्वपूर्ण योगदान गरेको भन्दै आगामी दिनमा पनि यसरी नै समुदायको माझमा आफूले गरेका गतिविधिहरूको प्रगतिसमीक्षा एवं भावि योजनाहरूका बारेमा जानकारी गराउँदै कार्यक्रमलाई समुदायकेन्द्रित बनाउनका लागि सल्लाहसुझाब दिनुभएको थियो । कार्यक्रमको समापनका क्रममा संस्थाका अध्यक्ष शालिग्राम शर्माले सहभागीहरूबाट आएका जिज्ञासाहरूको सम्बोधन गर्दै सहभागी समुदायसँगै रहेको र सामाजिक रूपान्तरण गर्ने कार्यमा समुदायसँग सधैँ हातमा हात मिलाएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै सबैलाई धन्यवाद दिँदै कार्यक्रम समापन गर्नुभएको थियो ।

## आगलागी पिडितलाई आर्थिक सहयोग



समुदायमा विभिन्न किसिमको सयोग गरी समाजरूपान्तरणका दिशामा काम गर्नु यस सहभागी संस्थाको मुख्य उद्देश्य रहेको छ । यसै सन्दर्भमा सहभागी संस्थाबाट २०८२ जेष्ठ १४ गतेका दिन यसै रत्ननगर नगरपालिका वार्ड न. ९ पशुहाट सुकुम्बासी टोलमा बस्ने शान्ति कुमालको मिति २०८२ वैशाख २७ गते शनिबार बिहान ७ बजेको समयका एक्कासि आगलागी भई घर पूर्णरूपमा जली त्यहाँभित्र भएका सम्पूर्ण लत्ताकपडा, अनाजँ, भाँडावर्तन र विभिन्न सरकारी कागजातहरू जलेर नष्ट भएको र खानालाउन पनि केही नभएको हुनाले मिति २०८२ जेष्ठ १२ गतेको निवेदनउपर छलफल गर्दा सो परिवारलाई यथाशक्य राहतको अनुभूति प्रदान गर्ने उद्देश्यका साथ संस्थाको इमर्जेन्सी सामाजिक सेवा भन्ने शीर्षकबाट मिलान हुनेगरी सो घरपरिवारलाई रु.४०००।-(चार हजार) सहयोग स्वरूप प्रदान गरियो ।

## जेष्ठ नागरिक आनन्द भवन

संस्थाको अगुवाइमा यस कार्यक्रमको अवधारणा ल्याइएको हो र भोलिका दिनहरूमा संस्थाले नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समन्वय तथा सहकार्य गर्दै देशविदेशमा रहनुहुने अग्रज सामाजिक व्यक्तित्वका साथै यस अवधारणालाई मनन गर्ने व्यक्तित्वहरूसँगबाट पनि रकम संकलन गर्दै अघि बढ्नेछ । संस्थाले र.न.पा. ९ को कार्यालय र रत्ननगर नगरपालिकाको सिफारिसमा प्रदेशस्तरीय आर्थिक मामिला तथा सामाजिक विकास मन्त्रालयमा पत्र पेस गरेको थियो, जसको फलस्वरूप आ.व. २०८२/०८३ का लागि सामाजिक विकास कार्यालय हेटौँडाले जेष्ठनागरिक आनन्द भवन निर्माणका लागि रु.५०,००००।- (अक्षरेपि पचास लाख रुपैँया मात्र) विनियोजन गरेको छ । जसको प्रक्रिया के कसरी अगाडि बढाउने भन्ने कुरा संस्थाको कार्यसमितिको बैठकमा छलफल गर्दै कार्यप्रक्रिया अगाडि बढाइने संस्थाको कार्ययोजना रहेको छ ।